नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

# गहुँ आयात गर्ने सम्बन्धी सूचना !

सूचना प्रकाशन मितिः २०८२।०५।१७ गते मंगलबार

भारत सरकारबाट भारतीय कम्पनी **National Cooperative Export Limited** (**NCEL**) मार्फत नेपालले आयात गर्न ४०,००० मेट्रिक टन गहुँ (**HS CODE 1001**) आयात गर्न व्यवसायीहरू (**Traders**) ले देहाय शर्तको अधीनमा रही यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न कागजातहरूको प्रतिलिपि संलग्न गरी यस विभागमा निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ।

निवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरूः

१. आयात गर्न माग गरेको परिमाण स्पष्ट खुलेको निवेदन।

२. फर्म/कम्पनी दर्ता प्रमाण-पत्र

३. आयात इजाजत प्रमाण-पत्र

४. PAN/VAT दर्ता प्रमाण-पत्र

५. फर्म नवीकरण/कम्पनी अद्यावधिक पत्र

६. आ.व. २०८०।०८१ को कर चुक्ताको प्रमाण-पत्र

७. आयातका लागि National Cooperative Exports Limited (NCEL) लाई शत प्रतिशत अग्रिम भुक्तानी गर्नु पर्ने हुँदा वित्तीय श्रोतको सुनिश्चिता भएको हुनुपर्नेछ।

<u>शर्तहरूः-</u>

- तोकिएको समयावधी भित्र गहुँ आयात गर्ने सुनिश्चितता गरेका व्यवसायीहरूलाई मात्र कोटा वितरण गरिनेछ।
- यस पूर्व कोटा प्राप्त गरी हालसम्म गहुँ आयात नगर्ने व्यवसायीहरूलाई कोटा प्रदान नगर्ने।
- आयातका लागि इच्छुक फर्म/कम्पनीको चुक्ता पुँजी कम्तिमा एक करोड रुपैयाँ हुनु पर्नेछ।
- फर्म/कम्पनीले आयात गर्नमाग गरेको आधारमा प्राप्त कोटा वाणिज्य, आपूर्ति तथा उपभोक्त संरक्षण विभागबाट अघिल्लो वर्षमा आवेदक कम्पनीले राजस्वमा गरेको योगदान र खाद्यान्न आयातमा अनुभव भएकालाई प्राथमिकता दिई बाँडफाँड गरिनेछ।
- एउटा फर्म/कम्पनीले कम्तीमा १००० मे. टन र बढीमा १०,००० मे. टन. आयात गर्न पाउने गरी कोटा बाँडफाँड गरिनेछ।
- कोटा प्राप्त भएको मितिले ३ (तीन) महिना भित्र आयात गरी सक्नु पर्नेछ।
- अनुमति प्राप्त गरेका कम्पनीले गहुँ आयात गर्न नसक्ने भएमा अनुमति प्राप्त भएको मितिले १५ दिनभित्र विभागलाई जानकारी दिनुपर्नेछ।
- अनुमति प्राप्त गरेका फर्म/कम्पनीले गहुँ आयात गर्दा प्रचलित कानून बमोजिम गुणस्तर मापदण्डको पालना गर्नुपर्नेछ।
- अनुमति प्राप्त गरेका कम्पनीबाट आयातित गहुँको मौज्दात, मूल्य, गुणस्तर र बिक्रीको विवरण साप्ताहिक रूपमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा पेश गर्नुपर्नेछ।
- अनुमति प्राप्त गरेका कम्पनीबाट आयातित गहुँको मौज्दात, मूल्य, गुणस्तर र बिक्रीको अनुगमन वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट हुनेछ।